परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ५ २०८१ भाद्र २ आईतवार Sunday 18, AUG 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## कमअसल सामग्री प्रयोग गरी पुल निर्माण गरिको स्थानीयको आरोप

विराटनगर । सुनवर्षी नगर पालिका-९ र रंगेली नगरपालिका- ५ सिमाना भेडवाथान देखि भारतको सिमा सम्म जाने बाटोमा पुलमा कमअसल सामग्री प्रयोग गरि निर्माण गरिएको स्थानीयले आरोप लगाएका छन ।

दुई वर्ष पहिले बिनिता श्री कन्ट्रक्सनले ठेक्का लिई काम शुरू गरेको थियो । कमअसल सामग्री प्रयोग गरि श्रावन ३० गते पानी परिरहेको वेलामा राती सम्म पुल ढलान गरिएको भने ३१ गते ढलानमाथि चिल्लो परेका थिए ।



भेडवाथान देखि भारतको सिमा सम्म जानेबाटोमा रहेको पुल ।

पुलमा काम गर्ने एक मिस्रीका अनुसार जति ढिलो हुन्छ त्यतीनै काम कमअसल हुन्छ । यो पुलमा पनि इस्टिमेट अनुसार काम भएको छैन । पुलमा प्रयोग हुने छड, सिमेन्ट, बालुवा, गिट्टी लगायत कुनैपनि सामग्री इस्टिमेट अनुसार भएको छैन । राती गरेका ढलान कस्तो हन्छ आफै सोचनुस भने ।

यस सम्बन्धमा इन्जि-नियर इन्द्र नारायण शाह- संग जानकारी माग्दा पुलको ढलान दिउँसो नै शुरू गरको काम गर्दा-गर्दै राती भएको स्वीकार गर्दै उक्त पुल लगायत सडकको काम २ वर्ष पहिले करीव १४ करोडमा सम्झौता भइ सम्पन्न भएकोछ । काम कमअसल भएको छैन अरू विशेष जानकारी चाहिँ सडक कार्यालय विराटनगर वा रंगेली नगरपालिकामा जानकारी लिनु भनेर पंछिए ।

स्थानीयका अनुसरण रंगेली नगरपालिका र सुनवर्षी नगरपालिकामा हुने विकास निर्माणको धेरै जसो काम आन्तरिक मिलोमतोमा बिनिता श्री कन्ट्रक्सनलाई नै ठेक्का दिने गरेको छ ।

## भोटे कोशीबाट हाल सम्म भएको क्षतिको विवरण

विराटनगर । सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँ पालिका-५ थामे स्थितमा रहेको भोटे कोशीमा पानीको बहाव अचानक बढे पछि आएको बाढीले शुक्रवार कोशीमा पानीको बहाव बढेर थामे एरिया डुवानमा परेको थियो ।

उक्त बाढीले थामे गाउँका ७ वटा घर, ५ वटा होटल, १ वटा विद्यालय र १ वटा क्लिनिकमा पुर्ण रुपमा क्षेती पुर्याएको छ भने ७ वटा घर जोखिममा रहेका छन् । अहिले पानीको बहाव घट्दै गएकोले तटिय क्षेत्रमा कटान भएकोले पहिरोको जोखिम हुन सक्ने सम्भावना रहेको छ ।

तल्लो तटिय क्षेत्रमा

बांकी अन्तिम पेजमा...

## बालबालिकाको स्वास्थ्य परिक्षण

भोजराज घिमिरे

विराटनगर । पथरी शनिश्चरे नगरपालिका वडा नं-८ ले वडाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने नर्सरीदेखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई लक्षित गरी हरेक तीन/ तीन महिनामा निरन्तर स्वास्थ्य परिक्षण कार्यक्रमको शुरूवात गरेका छन् ।

विद्यालयसँग स्वास्थ्य कार्यक्रमभ्ढ नारा दिएर पाँच दिन सम्म विद्यालयका बालबालिकाको स्वास्थ्य परिक्षण शिविर समेत सम्पन्न गरेको छ ।

शिविरमा आँखा, नाक तथा मुटुमा समस्या भएका बालबालिकाहरु समेत भेटिएको थियो । ती बालबालिकहरूलाई थप उपचारको लागि अस्पताल पुर्याएर निशुल्क उपचार गराउ सहयोग गर्ने वडा अध्यक्ष नवीन कार्कीले जानकारी गराए ।

बांकी अन्तिम पेजमा...

## गोल्डेनको नवनिर्मित भवन समुद्घाटन

विराटनगर । विराटनगरको हस्पिटल चौकमा १५ वेडवाट शुरु भएको गोल्डेन हस्पिटल सछांङ्ग मार्द्रै विराटनगर महानगर पालिका वडा नं. ११ मा आफ्नै सुविधा सम्पन्न १ सय सैया वेड भएको हस्पिटलको समुदेघाटन गरेका छन्।

समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री हिकमत कुमार कार्कीले हस्पिटलको समुद्घाटन गरेको हो । करीब ४८ करो लगानीमा बनेको नव निर्मित भवन ५ तल्लाको रहको छ ।

अबको केही समयपछि अस्पताल चौक र महेन्द्र चौकको नयाँ भवन गरी दुवै ठाउँबाट बिरामीलाई सेवा प्रवाह गर्ने भएको छ ।

गोल्डेन अस्पतालका बोर्ड अफ डाइरेक्टर सनातन मण्डलले उपस्थित सबैलाई स्वागत गर्दै भने १५ वेड देखि १ सय सैया सम्म पुर्‍याउन आम जनसमुदायको माया, ममता र स्नेहले सम्भव भएको बताउँदै पहिले निम्मन वर्गका विरामी मात्र गोल्डेनमा आउने गरेकोमा अब उच्च वर्गका पनि विरामी आउने गरी सुविधा सम्पन्न हस्पिटल बनाएको बताए ।

तीन दर्जन भन्दा बढी विशेषज्ञ डाक्टरहरु द्धारा सबै रोगहरुको उपचार हुने गरी सुविधा सम्पन्न हस्पिटल बनाएको मण्डल को भनाइ थियो ।

समुद्घाटन कार्यक्रममा पूर्व स्वास्थ्य मन्त्रीहरु, सांसदहरु, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका उच्च व्यक्तित्वहरु, राजनीतिक दलका प्रतिनिधीहरु, संघ संस्थाका उच्च व्यक्ति, नागरिक समाज, बुद्धिजीवी, स्वास्थ्य कर्मीहरु लगायतको उलेख्य उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रम डाक्टर श्याम रौनियारको बुवा गलाबचन्द रौनियारको अध्यक्षतामा सम्पन्न भएको थियो ।






## भोटेकोशीबाट...

कटानको कारण सोलुखुम्बु माप्य दुधकोशी गाउँपालिका ६ बोदेबहर बलेखा स्थित बस्ने ५ घरका स्थानीयलाई नेपाल प्रहरीले सुरक्षित स्थान तर्फ सारिएको थियो । बाढीले सोलुखुम्बु सोताङ गाउँपालिका १ दिप्ली घाटमा पुरानो बेलि बृजको सामान निकालि स्टोर गरी राखेको सामानहरु बगाएर लगेको छ भने माप्य दुधकोशी गाउँपालिका १ अधेरी स्थित खुम्बु क्षेत्र जोड्ने दुधकोशी खोलाको पक्की पुलको एकतर्फि भासिएको थियो ।

त्यसै गरी माथिल्लो भेगको खुम्बु पासाङल्हामु गाउँपालिका ३ जोर सल्लेमा फाक्दिन देखि नाम्चे जाने पैदल गोरेटो बाटो दुई ठाउमा अ .१००/१०० मिटर कटान गरी लगेको छ ।

## बालबालिको...

वडाका बुद्ध माध्यमिक विद्यालय, दुर्गा आधारभुत विद्यालय मिलन आधारभुत विद्यालय, चौबिसे ऐकेडेमी र हाइल्याण्ड बोर्डिङ स्कुलमा स्वास्थ्य परिक्षण संचालन गरिएको थियो । उक्त अवसरमा ६ सयभन्दा बढी बालबालिकाको स्वास्थ्य परिक्षण गरिएको आधारभूत स्वास्थ्य केन्द्रका प्रमुख रुद्रबहादुर लिम्बुले जानकारी दिएका थिए ।

त्यसैगरी वडाले जेष्ठको दाँत फुकाल्ने, दाँत लगाइ दिने, अपाङ्गता भएका ब्यक्तिहरुको घरमै पुगेर प्रत्येक दुई महिनामा स्वास्थ्य परिक्षण गर्ने, सुगर तथा प्रेसरको औषधि वितरण गर्दै आएको छ । निरोगी वडा निर्माणको लागि खुल्ला व्यमशाला निर्माण समेत गरेका छन ।

# नेपाली कांग्रेसका केन्द्रिय सदस्य डा. शेखर कोइरालाले केन्द्रिय समितिको बैठकमा राखेका धारणहरुको संपादित अंश

१. आजभन्दा झण्डै पाँच दशक अगाडि नेपाली कांग्रेसका पथ प्रदर्शक जननायक विपी कोइराला दक्षिण एशियामा उत्पन्न राजनीतिक उतार चढावले नेपालको राष्ट्रियता कमजोर हुन्छ भनी प्रवासबाट स्वदेश फर्कनु भएको थियो । प्रजातन्त्र र राष्ट्रियता एक अर्काका पुरक हुन र यिनलाई भिन्न-भिन्न रुपमा हेर्नु हुन्न भन्ने उहाँको मान्यता थियो ।

आज फेरी एकपटक दक्षिण एशियामा राजनीतिक हलचल छाएको छ । निर्वाचित सरकारहरु माथि धावा बोलिएको छ । जनताको अभिमतप्रति अविश्वासको खाडल निर्माण गरिदैछ । अर्थात दक्षिण एशिया अन्तराष्ट्रिय राजनीतिको क्रिडास्थल भएर नेपाल जस्तो देश चेपुवामा पर्ने संभावना बढेको छ ।

२. दक्षिण एशियाको राजनीतिक द्धन्द्धले नेपाल र नेपालीको मनोभाव माथि प्रभाव परेको म बुझ्दछु । यसमा यो केन्द्रिय कार्यसमिति गम्भिर हुनुपर्छ भनी मैले माथि विपी कोइरालाको स्मरण गर्नु परेको हो । मुलुक नसोचिएको संकटतर्फ जाने हो की भन्ने चिन्ता सवै नेपालीमा छाएको छ । राष्ट्रियता र लोकतन्त्र कमजोर हुँदा घरेलु प्रतिकृयावादी मात्र होइन अन्तराष्ट्रिय शक्ति केन्द्रले पनि हामी माथि रजाईं गर्न पछि पर्दैनन् ।

३. बंगलादेशको घटनाले हामी सवैलाई उद्धेलित गरेको हुनुपर्छ । नेपालमा बंगलादेशको जस्तो घटना दोहरिन नदिन राजनीतिमा मूल्यपद्धति र नैतिक पक्ष शसक्त हुनुपर्छ भन्ने पाठ बंगलादेश घटनाले हामीलाई सिकाएको छ । नेता र राजनीतिप्रती जनताको बितृष्णा बढ्दो छ । राजनीतिक दल, नेता, प्रणाली र संविधान माथि नै जनता असन्तुष्ट छन् भनी अहिले नेपालमा एउटा “वेभ“ सृजना गर्न खोजिदै छ । यसलाई मध्यनजर गर्दै राष्ट्रिय राजनीति, अन्तराष्ट्रिय राजनीतिमा देखिएको असंगती र अस्थिरतालाई देशको जिम्मेवार र ठुलो दल भएको नाताले गम्भिरतापूर्वक सोचौं ।

४.वर्तमान गठवन्धन सरकार निर्माणको क्रममा संविधान सुधार र राजनीतिक स्थायित्वको कुरा गम्भिरतापूर्वक उठाईएको छ । छिटो-छिटो सरकार गठन र बिघटन भैरहँदा विकासका गति अगाडी बढेनन् र जनताले सुशासनको अनुभुति गर्न पाएनन् भनेर मैले नै केही समय अगाडी देखी भन्दै आईरहेको हुँ । तसर्थ दुई ठुला दल मिलेर सरकार बनाऔं र संविधान संशोधनमार्फत देशमा राजनीतिक स्थायित्व दिऔं भन्ने आवाज उठाएको हुँ ।

वर्तमान गठबन्धनको प्रमुख कार्यभार संविधान संशोधनको प्रकिया अगाडी बढाउँने हो । निसन्देह दुई ठुला दल मिल्नुको औचित्य संविधान संशोधन लगायत साझा राष्ट्रिय कार्यसूचि बनाएर जनभावना अनुसार कार्यान्वयनमा लैजान सक्दा आम जनताको भरोसा र विश्वास जित्न सकिन्छ । नेपालको संविधान आम नेपालीको साझा दस्तावेज हो । यसमा गरिने सुधारको प्रकृया अगाडी बढाँउदा संविधानको स्विकारोक्तिमा आम नेपाली भावना जोडिनु पर्छ । त्यस्तै, साझा राष्ट्रिय कार्यसूचि बनाउँदा नेपाली कांग्रेसले आफ्नो घोषणापत्रमा भएका प्रतिवद्धता हरुलाई विर्सन मिल्दैन ।

दुई ठुला दल मिलेर बनेको सरकार वर्तमान परिस्थितिमा संसदीय गणितको घमण्ड र राजनीतिक आग्रह र पूर्वाग्रहमा अल्झेर होइन सोझै जनताप्रती उत्तरदायी हुनसक्दा मात्र अहिले देखिएका अनेकन् लोकतन्त्र विरोधी शक्तिलाई परास्त गर्न सकिन्छ ।

५. वर्तमान सरकार गठनको सन्दर्भमा नेपाली काँग्रेस र एमालेले सुशासनको धेरै प्रतिबद्धता गरेका छन । तर व्यवहारमा संघ र प्रदेशमा मन्त्रीहरु छनौटले सुशासनलाई जिस्काईरहेको छ । हामी किन यसरी सुशासनको सन्दर्भमा बारम्बर चुक्दै छौं ?

६. सरकार छ भन्ने अनुभूति आम नागरिकलाई संकटको समय सवैभन्दा बढी हुन्छ । अहिले ती नेपालीहरुका विच सरकार पुग्नुपर्छ जो बाढी, पहिरो, दुर्घटना र प्राकृतिक प्रकोपका अनेकन् समस्याहरुसंग जुध्दै छ । तिनको उद्धार, राहत, उपचार र पुनर्स्थापना सरकारको प्रमुख दायित्य हो । म चाहन्छु हामी संलग्न भएको सरकारले यस मानवीय कार्यलाई एकछिन पनि ढिलो नगरी सम्बोधन गर्ने सक्रियता देखाओस ।

लोकतन्त्रमा मुल कुरा जनता र सरकार विचको सम्बन्ध हो, सरकारप्रति आम नागरिकको भरोसा र विश्वास हो । यस्तो भरोसा र विश्वास सृजना गर्ने निकायहरु सरकारी सेवाप्रदायक संवैधानिक संस्था र निकायहरु हुन ।

सरकारी निकायमा राज नीतिकरण भएर तिनको प्रभावकारिता भुत्ते भएका छन् भनी हामीलाई स्विकार्न कुनै संशय छैन । तर पनि केही सरकारी निकाय र संस्थाहरुले यस विच नेपाली जनता माझ आफ्नो औचित्य र उपदेयता प्रमाणित गरेका छन । यस्ता संस्था र निकायहरुमा भएका कैयन व्यक्तिले प्रतिकुल परिस्थितिमा पनि राष्ट्रले गौरव गर्ने काम गरेका छन ।

यहाँ म उदाहरण प्रस्तुत गर्न चाहन्न, तर खवरदारी भने नगरी रहन सक्दिन । लोकतन्त्रको जग तव मात्र बलियो हुन्छ, जब संस्थालाई लोकतान्त्रीकरण र पारदर्शी ढंगले चलाईन्छ ।

७. प्रदेश संरचनाको सम्बन्धमा:-

क. वर्तमान संविधान जारी भएको यतिका बर्ष भइसक्दा पनि प्रदेशले संविधान अनुरुप पाउनुपर्ने अधिकार पनि पाएका छैनन् । खासगरी बित्तिय संघीयता र प्रशासनिक संघीयतामा देखिएको कमजोरीले संघियता सम्बन्धी गुनासो छ र यसको औचित्य स्थापित गर्न अप्ठ्यारो भइरहेको छ । तसर्थ दुई ठुला दल मिलेर सरकार बनाउनुको सार्थकता प्रदेशलाई हरेक प्रकारले सशक्त र प्रभावकारी बनाउनेतर्फ पहल गर्नुपर्छ ।

ख. नेपाली कांग्रेसको विधानमा प्रदेश कार्यसमितिलाई अझ बलियो बनाउने गरी विधान संशोधन गरौं । केन्द्रले नियमन गर्ने र प्रदेशले कार्यक्रम गर्ने गरी संगठनका काम गर्न व्यवस्था गरौं ।

सभापतिज्यू,

८. तपाईंको नेतृत्वमा विगत आठ वर्ष देखि कांग्रेसले राष्ट्रिय राजनीतिमा निर्वाह गरेको भूमिकाको समिक्षा म यहाँ गर्न चाहन्न । कांग्रेस हिजो किन खुम्चियो र आज फेरी किन गठवन्धनको कारण ठुलो दलको रुपमा संसदमा उपस्थित छ, यधपी कांग्रेसको जनाधार खुम्चिएको निर्वाचनले देखाएको छ । यि सवैको वस्तुनिष्ठ समिक्षा गर्ने जिम्मा म इतिहाँसलाई छाडिदिन्छु ।

मेरो आग्रह सवै केन्द्रिय कार्यसमितिलाई साक्षि राखेर के मात्र छ भने कांग्रेसको १५औं महाधिबेशन लम्बाउने कुनै प्रपञ्च नगरौं । पार्टीको बिधान र नियमावलीमा गर्नुपर्ने संशोधनका लागी अबिलम्ब समितिहरु बनाऔं । १४औं महाधिबेशन देखी थाँती रहेका क्रियाशिल सदस्यता लगायतका समस्याहरु तत्काल समाधान गरी २०८२ मंसिरमा १५औं महाधिबेशन गर्ने सुनिश्चितता यही केन्द्रिय समिति बैठकले गरोस । यो वा त्यो वहानामा महाधिबेशन सार्ने काम भयो भने त्यसले कांग्रेस र लोकतन्त्र दुवैलाई दुर्घटनातर्फ लैजान्छ । ठिक चारवर्षमा कांग्रेसको महाधिबेशन होस । मैले यसो भनिरहँदा म यहाँ विग्रिएको प्रणालीलाई ट्रयाकमा ल्याउने मनाशयवाट यो कुरामा जोड दिईरहेको छु । म क्रियाशिल सदस्यता वितरण र महाधिबेशनको लागि जिम्मेवारी पाएका साथीहरुलाई पनि समयवद्ध कार्यतालिका बनाएर यथा समयमा पार्टी महाधिबेशन सम्पन्न गर्ने तयारीमा जुटौं भनी विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु ।

९.अब पनि पार्टीलाई विधान अनुसार समयवद्ध तरिकाले संचालन गर्ने परिपाटी नचलाए कहिलेवाट यो संस्कार विकसित गर्ने ? समय गुज्रेर गरिने कुनै पनि कार्य प्रभावकारी हुँदैन । अहिले पनि नबुझे कहिले बुझने ? जसरी समय गुज्रेको औषधीले विरामी निको पार्दैन त्यसैगरी समयमा सम्पन्न हुनुपर्ने पार्टीका कामहरु नगर्दा त्यसको प्रभावकारिता हुन्न ।

१०.अहिले राजनीतिमा लोकरिझ्याई(पपुलिज्म) हावी भएको छ । हाम्रो पार्टी पनि लोकरिझ्याईबाट अछुतो छैन । कांग्रेस पार्टीको आफ्नै मौलिकता, आदर्श र सिद्धान्त छ तर अहिले यसलाई बिर्सेर सामाजिक सञ्जाल र लोकरिझ्याईले पार्टीलाई डोर्याउन खोजेको जस्तो देखिन्छ । यसले पार्टी कहाँ पुग्छ वेलैमा सोचौं ।

अन्तमा, गठवन्धन सरकारको नेतृत्व हाम्रो राजनीतिक प्रतिस्पर्धीले गरिरहेका छन । म यहाँ हाम्रो राजनीतिक प्रतिस्पर्धी कस्ता छन र भावी दिनमा के गर्लान भनी अड्कल काट्न चाहन्न । तर अहिले सरकारमा गएका हाम्रा साथीहरुले जनताको विश्वास र मन जित्नेगरी काम गर्न सकेनन् भने हाम्रो पार्टीमा नसोचेको गिरावट आउने खतरा म देख्छु ।

सुशासन केवल शब्द रटान र पार्टीको घोषणापत्रमा लेखिने कुरा मात्र होइन आम नागरिकले अनुभूति गर्ने कुरा हो । कांग्रेस नवनिर्माणको वाटो, पार्टीमा मूल्य र सिद्धान्तको नवनिर्माण अभियान, सरकारमा गएकाहरुको सुशासनप्रतिको निष्ठा र पार्टीमा आवद्ध साथीहरुको एकतावद्ध प्रयासवाट मात्र कांग्रेस रुपान्तरण सम्भव छ, तसर्थ भविष्यको कांग्रेसको नयाँ राजमार्ग यिनै वाटोवाट मात्र बन्छ भनी विश्वासका साथ हामी अघि बढौं । जय नेपाल ।

डा. शेखर कोइराला
सदस्य, नेपाली कांग्रेस केन्द्रिय कार्यसमिति
२०८१ श्रावण २७
दिनेशचन्द्र थपलिया
स्वकीय सचिव

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।
हाम्रो सांस्कृति पर्वहरुको जगेर्ना गरौं ।
मद्यपान र जुवातास जस्ता विकृतीकोअन्त्य गरौं ।
नेपाल सरकार, विज्ञापन बोर्ड

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-११ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सेटिंगको लागि सिमामा कडाई

नेपाल र भारतको सिमानाकामा रहेका भारतीय बजारमा नेपाली उपभोक्ताहरुको बाक्लो भिड लाग्ने गर्दछ। चाहे त्यो जोगवानी होवा काकडभिट्ट, विरंगन्ज, नेपालगंज लगायत सिमा नजिकै भारतीय भूमिमा बजार लाग्ने गर्दछ र नेपालको भूमिमा समेत बजार लाग्ने गर्दछ। तर भारतीय बजार गुल्जार हुन्छ भने नेपाली बजारमा उपभोक्ता नै भिटिदैन। यसका मुख्य कारण हो भारतीय बजारमा खाद्य्य सामग्री लगायत लत्ताकमडाहरु समेत सस्तो मूल्यमा पाउँछ जसले गर्दा भारतीय बजार गुल्जार हुन्छ। त्यससंग नेपाल भारत सिमा नजिकै व्यापारी समूह पनि सत्रिय हुन्छ। जसले भारतीय बस्तुहरु तस्करी गरी नेपाल भित्राउने गर्दछन्। ती तस्करहरु सिधै नेपाल प्रहरी, संसस्त्र प्रहरीसंगको सेटिङ्गमा हुन्छ। जसले गर्दा सिमा क्षेत्रमा खुलेआम तस्करी हुन्छ।

सिमानाकाहरुमा तस्करहरुसंगको सेटिङ्ग मिलाउन वेला वखतमा सिमा क्षेत्रमा कडाई हुने गरेको हुन्छ। त्यो कडाई तस्करी वन्द गर्न, राजश्वा वृद्धि गर्न भनई त्यो सेटिङ्ग मिलाउनका लागि केही दिन कडाई गरिएको हुन्छ। त्यसपछि सेटिङ्ग मिलेपछि फेरी जस्ताको त्यस्तै व्यपार चलि रहन्छ। सिमा क्षेत्रमा कडाई कति वेला हुन्छ भने जति वेला सिमा क्षेत्रका इलाका प्रहरी, प्रहरी चौकी, शसस्त्र प्रहरीका इन्चार्ज नयाँ आएपछि सेटिङ्ग मिलाउन कै लागि सिमा क्षेत्रमा कडाइ गरेको हुन्छ। जसका कारण सर्व सधारण जनतालाई समेत दुःख दिने गरको गुनासोहरु सर्वसधारणवाट सुन्ने गरिन्छ। सिमा क्षेत्रमा आउनको लागि समेत प्रहरीहरुले सेटिङ्ग गरेरै आउँछ। जसका कारण सिमामा पनि सेटिङ्ग गर्नकै लागि भएपनि कडाई गरेको हुन्छ।

सिमा क्षेत्रको तस्करी रोक्नको लागि भारतीय बजारसंग नेपाली बजारको मुल्यमा धरती आकाशको फरक हुन्छ। त्यसलाई समायोजन गर्न सकेमात्र सिमा क्षेत्रको तस्करीलाई रोक्न सकिन्छ अन्यथा तस्करी रोक्न असम्भव छ। तस्करी रोक्नु पनि हुँदैन किन भने नेपाल जनताको आय अनुसार भारतीय बजारमा मात्र समान पाउँछ। नेपाली जनताको आय अनुसार नेपाली बजारमा समान गरिद गर्न सम्भव छैन। नेपाली बजार व्यपारीका चंगुलमा फसेको छ। त्यसैले भारतवाट भन्सार काटेर सरकारले समाज आयात गर्नुपर्छ। केही फाईदा लिएर सर्वसाधारण जनतालाई दिनुपर्छ। अनि तस्करी वन्द हुन्छ अन्यथा सिमा क्षेत्रको तस्करी वन्द हुन असम्भव छ।

# प्रदेश खारेजी संविधानलाई घाईते बनाउने माग

**अजय सुवेदी**

हामीकहाँ कतिपयले संघी -यतालाई विदेशीले थोपरि दिएको व्यवस्था भनी आलोचना गरेको पाइन्छ। वास्तविकता भने यो होइन, हामीकहाँ २००८ सालमै तराई काङ्ग्रेस पार्टीले संघीयताको माग गरेको थियो।

यस्तै, नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठले तयार गरेको राजनीतिक दस्ताबेजमा समेत जातीय र क्षेत्रीय विभेद अन्त्यका लागि निर्वाचित क्षेत्रीय सरकारको आवश्यक रहेको उल्लेख छ।

सन् १९९० मा आएर नेपाल सद्भावना पार्टीले पनि हिमाल, पहाड र तराईसहित तीन प्रदेशसहितको संघीय शासन प्रणालीको अवधारणा पेस गरेको थियो। पछि नेकपा माओवादीले सशस्त्र सङ्घर्षका क्रममा विभिन्न जातीय, भाषिक र क्षेत्रीय स्वायत्त प्रदेशको अभ्यास गरेको देखिन्छ। तथापि उसले २०६३ माघ १ गते अन्तरिम संविधान जारी गर्दा उक्त मुद्दा छाडेको देखिन्छ। अन्तरिम संविधान जारी भएपश्चात् संघीय शासन प्रणालीको माग गर्दै तत्कालीन जनअधिकार फोरमको नेतृत्वमा मधेस आन्दोलन भयो। त्यसपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०६३ माघ २९ गते संघीय शासन प्रणालीसहित अन्तरिक संविधान संशोधन गर्न बाध्य भएका थिए। तसर्थ नेपालमा संघीय शासन प्रणाली राजनीतिक विकास क्रमकै उपज हो, कसैले थोपरिदिएको होइन, यसलाई अन्यथा तरिकाले विश्लेषण गर्नु उपयुक्त देखिँदैन।

**संविधान घाइते बनाउने प्रदेश खारेजको माग**

हामीकहाँ संघीय सरकार र स्थानीय सरकारको अभ्यास नौलो होइन, प्रदेश सरकारको अभ्यास भने नौलो हो।

संविधान जारीपछिको पहिलो निर्वाचन (२०७४) बाट बनेको प्रदेश सरकार चलाउन संवैधानिक आधारबाहेक केही थिएन। अर्थात् कानुनदेखि भौतिक संरचना बनाउनुपर्ने थियो। त्यसैले पहिलो प्रदेशसभाको कार्यकाल अत्यावश्यक कानुन निर्माण, कर्मचारी भर्ना र आवश्यक कार्यालय स्थापना आदि कार्यमै बित्यो।

२०७९ सालमा सम्पन्न निर्वाचनपछिको डेढ वर्षको अवधिसम्म प्रदेशहरू राजनीतिक अस्थिरताको चपेटामा फस्न पुगे। यस अवधिमा कोशी प्रदेशमा पाँचवटा सरकार, सुदूर पश्चिममा तीनवटा सरकार, गण्डकीमा चारवटा सरकार गठन भइसकेका छन्। प्रदेशमा सरकार फेरबदल हुनुमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल केन्द्रीय छायाबाट मुक्त नहुनु हो। राजनीतिक दलका प्रदेश समितिहरू राजनीतिक निर्णय गर्न स्वायत्त र अधिकार सम्पन्न छैनन् भन्ने तथ्य यसबाट उजागर भएको देखिन्छ। प्रादेशिक राजनीतिक नेताहरू केन्द्रीय नेताहरूको निर्देशनलाई मान्ने गर्छन्। केन्द्रीय सत्तामा आएको फेरबदलले प्रदेश सरकार तासको घरझैं गर्ल्यामगुर्लुम्म हुँदा प्रदेशमा राजनीतिक अस्थिरता बढेको देखिन्छ। यसबाट हाम्रो राजनीतिक संघीयता बामे सर्न समेत नसकेको देखिन्छ। राजनीतिक दलका संरचना संघीयता अनुकूल रूपान्तरण नहुँदा यस्तो अवस्था आएको देखिन्छ।

प्रदेशमा देखिएको राज-नीतिक अस्थिरताका कारण कतिपयले प्रदेश खारेजको मुद्दा उठाइरहेको पनि देखिन्छ। प्रदेश खारेज गरे के हुन्छ भन्नेतर्फ उनीहरूको ध्यान पुगेको देखिँदैन। उनीहरूले भनेझैं प्रदेश खारेज गर्ने हो भने यसको असर सीधा संविधान माथि पर्ने देखिन्छ।

संविधानले गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र संघीयतालाई आधारभूत विषय मानेको छ, जुन अंशोधनीय छन्। प्रदेश खारेज गरेमा संविधानका चार खुट्टामध्ये एक खुट्टा भाचिन्छ र संविधान घाइते हुन्छ। संविधान घाइते भयो भने शासन प्रणाली पनि घाइते हुन्छ। शासन प्रणाली घाइते हुनु भनेको हाल राज्यले अवलम्बन गरेको राजनीतिक व्यवस्था समाप्त हुनु हो। अतः नेपालमा प्रादेशिक संरचनाको खारेज राजनीतिक व्यवस्था बदलिए मात्र हुन्छ, अन्यथा सम्भव देखिँदैन।

राजनीतिक व्यवस्था सामान्य अवस्थामा परिवर्तन हुँदैन। जनताले गरेका आन्दोलन, क्रान्ति र सङ्घर्षबाट मात्र यो सम्भव हुन्छ। अर्कोतिर वर्तमान संविधानले दुईतिहाइ को बलमा व्यवस्था बदल्न सक्ने व्यवस्था गरेको छ। त्यसकारण व्यवस्था बदल्नका लागि जनतामा जानुपर्छ र दुईतिहाइ बहुमत ल्याउन जरुरी छ।

संघीय शासन प्रणालीका असली सरकार भनेका प्रदेश सरकार हुन्। स्थानीय सरकार र केन्द्रीय सरकार त एकात्मक राज्य प्रणालीमा पनि कुनै न कुनै स्वरूपमा अस्तित्वमा रहेका हुन्छन्।

**प्रदेशबिनाको संघीयता !**

हामीकहाँ कतिपयले सजिलै भनिदिन्छन्– प्रदेश खारेज गरेर संघ र स्थानीय तह गरी दुई तहको संघीयता भए पुग्छ।

ऐतिहासिक तथ्य केलाउने हो भने यस्ता तर्कमा खासै दम देखिँदैन। संघीय शासन प्रणालीका असली सरकार भनेका प्रदेश सरकार हुन्; जसलाई राज्य, क्यान्टोन, ल्यान्डर आदि नामले पुकार्ने गरिन्छ। स्थानीय सरकार र केन्द्रीय सरकार त एकात्मक राज्य प्रणालीमा पनि कुनै न कुनै स्वरूपमा अस्तित्वमा रहेका हुन्छन्। स्थानीय निकायको अभ्यास नेपालमा लिच्छविकालबाटै सुरु भएको मानिन्छ। हामीले विकेन्द्रीकरणको अभ्यास पञ्चायत कालबाट गरेका थियौं, तर पञ्चायतकालीन विकेन्द्रीकरण हात्तीले देखाउने दाँत मात्र थियो। त्यतिबेला केन्द्रमा रहेको स्रोत-साधन, अधिकार, जिम्मेवारी र उत्तरदायित्त्व स्थानीय स्तरमा हस्तान्तरण हुन सकेन। बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् विषयगत निक्षेपणका अवधारणा आए, तर यो पनि सफल हुन सकेन। तसर्थ इतिहासमा भोगेका हन्डर र ठक्करबाट पाठ सिक्दै हामी संघीय शासन प्रणालीमा प्रवेश गरेको तथ्यलाई बिर्सनु हुँदैन।

कतिपयले नेपालमा संघीयता जरुरी छैन, पूर्ण विकेन्द्रीकरण भए पुग्छ भनेका छन्, यस्तो तर्क व्यावहारिक र प्राज्ञिक हिसाबले गलत देखिन्छ। संघीयता भनेको संवैधानिक विकेन्द्रीकरण हो। जसमा सबै प्रकारका विकेन्द्रीकरण पर्ने गर्छन्। विकेन्द्रीकरणको उच्चतम अवस्था संघीयता हो।

संघीयताको विरोध गर्नेले

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२०००० 
इटहरी बारुणयन्त्र ५८०१०१ 
धरान बारुणयन्त्र ५२०१९९ 
इनरुवा बारुणयन्त्र ५६०१०१ 
दमक बारुणयन्त्र ०२३-५८०१०१ 
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३ 
नेरेसो रंगेली ५८००४८ 
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

लाईफ गार्ड हस्पिटल 
०२१४६४१७७ 
कोशी अ.अ.इमरजेन्सी ५२४२३४ 
रंगेली अस्पताल ५८००४८ 
आँखा अस्पताल ५२३७०६ 
सुरक्षा अस्पताल प्रा.लि. 
०२१-५३६९४१, ५२२८७७ 
एम्बुलेन्स ९८०२७५३७१७, 
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चिल क्षे.प्र.कार्यालिय 
०२१-४३५००१ 
जिल्ला प्रहरी कार्यालिय 
५३०३५८, ५२३९०१,१०० 
नगर प्र.का.. बिराटनगर 
५२१८५०, ५३०३६७, ११०, 
इ.प्र.का. रंगेली 
८०१००८०१३० 
इ.प्र.का. उर्लाबारी 
०२१-५४०००२ 
सिमा प्रहरी चौकी 
०२१-४३५८४०

क्राईम अपरेशन

# कोशी प्रदेशका माननीय मुख्यमन्त्री कार्कीको सय दिनको उपलब्धी



माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्की नेतृत्वको सरकारले सय दिनमा सम्पादन गरेका महत्वपूर्ण कार्यहरू र हासिल भएका प्रमुख उपलब्धि हरूको सारसंक्षेप (२०८१ श्रावण ३२, विराटनगर)

वि.सं. २०८१ बैशाख २७ गते विभिन्न राजनीतिक दलको सहभागितामा माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्कीको नेतृत्वमा कोशी प्रदेश सरकार गठन भई श्रावण ३२ गते सरकारले कार्य प्रारम्भ गरेको सय दिनको अवधि पुरा भएको छ। माननीय मुख्यमन्त्रीले सुशासन, सामाजिक न्याय र समुन्नतिलाई सरकारको मुख्य प्राथमिकतामा राख्नु भएको सन्दर्भमा प्रदेशको विकास र समृद्धि, अर्थतन्त्रको सबलीकरण, सेवा प्रवाहको नतिजामुखी कार्यसम्पादन र जवाफदेहिता, सामाजिक सुरक्षा र रोजगारी प्रवर्द्धन, सुशासनको प्रत्याभूति तथा समग्र प्रदेशको हितलाई संस्थागत गर्ने हेतुले प्रदेश सरकारले आफ्ना अगाडी बढाइरहेको छ।

कामकाजहरु वि.सं. २०७९ मंसिरमा सम्पन्न आम निर्वाचनपश्चात प्रदेशमा निरन्तर सरकार बन्ने र ढल्ने क्रमहरु चलिरहे। यसबाट प्रदेश सरकार अस्थिर बन्न पुग्यो। फलस्वरूप प्रदेश सरकारबाट सम्पादन भएका कामहरु जनता समक्ष प्रशारित हुने र प्रदेशप्रति माया, सद्भाव र सकारात्मक धारणा विकास हुने कार्यमा अवरोधहरु सिर्जना भए। यी आरोह अवरोहहरुलाई चिर्दै अहिलेको सरकार स्थिरता दिने र आम नागरिकमा सकारात्मक सन्देश प्रवाह गर्ने अवस्थामा पुगेको छ। प्रदेशलाई आम नागरिकहरुले देख्न, छुन र अनुभुति गर्न सक्ने संरचनाका रुपमा विकास गर्नुपर्ने दायित्व यो सरकारको काँधमा छ। यस अवधिमा प्रदेश सरकारले जनतामा आशाको दियो जगाउने प्रयत्न गरेको छ। गुणस्तरीय सेवा प्रवाह, जन आकांक्षाहरुको सम्बोधन, पूर्वाधार विकासमा तीव्रता, सामाजिक रुपान्तरणका लागि दीर्घकालीन नीति निर्माण र कार्यान्वयन, पर्यटन प्रवर्द्धन र पर्यावरण संरक्षण गर्दै सामाजिक, आर्थिक र साँस्कृतिक समृद्धिका साथ प्रदेशको दिगो विकास गर्ने अभियानमा प्रदेश सरकार अग्रसर रहेको छ।

माननीय मुख्यमन्त्रीले बैशाख ३१ गते कोशी प्रदेश सभामा विश्वासको मत लिने सन्दर्भमा गर्नुभएको सम्बोधन सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता तथा माननीय मुख्यमन्त्रीले प्रदेश सरकारका सचिवहरूलाई दिनुभएको निर्देशन बभोजिम एकीकृत कार्ययोजना बनाएर वर्तमान सरकारले कार्य गरिरहेको छ। कोशी प्रदेश सरकारले निर्धारण गरेका प्राथमिकता र लक्ष्य अनुरुप सथ दिनको अवधिमा सम्पादन भएका प्रमुख कार्यहरु र हासिल गरेका मुख्य उपलब्धिहरू संक्षेपमा देहायचमोजिम उल्लेख गरिएको छ।

१. "प्रदेश गुनासो व्यवस्थापन निर्देशिका, २०८१" स्वीकृत गरी गुनासो व्यवस्थापन पोर्टल पूर्ण रूपमा सञ्चालनमा ल्याइएको,

२. कोशी प्रदेश प्रशासनका सवालहरू उजागर गर्न, प्रदेशका नीति, रणनीति एवम् कार्यक्रमहरूका बारेमा सरल ढङ्गले प्रसार गर्न कोशी दर्पण पत्रिका प्रकाशन गर्ने कार्य सम्पन्न गरिएको,

३. संघीयता कार्यान्वयन तथा प्रदेश कानून निर्माण सम्बन्धी अध्ययन कार्यदल, २०८१ गठन गरिएको,

४. प्रदेशका कार्यालयहरू र कर्मचारीको अद्यावधिक विवरण सुरक्षित र व्यवस्थित राख्ने हेतुले प्रदेश निजामती किताबखानाको पोर्टल सञ्चालन हुने व्यवस्था गरिएको,

५. नतिजामुखी कार्य सम्पादन र जवाफदेहीता अभिवृद्धि गर्न कार्यसम्पादन सम्झौता आर्थिक वर्षको प्रारम्भमा नै गर्ने व्यवस्था गरिएको,

६. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरिएको,

७. "प्रदेश सरकारको दोश्रो आवधिक योजना (आ.व. २०८०/०८२- २०८६/०८७)" स्वीकृत गरिएको,

८. प्रदेश सरकारका कामहरूलाई गतिशील र व्यवस्थित गर्न प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग, प्रदेश लगानी प्राधिकरण र प्रदेश विकास परिषद्लाई पूर्णता प्रदान गरिएको,

९. प्रदेशमा देखापर्ने विभिन्न खालका राजनीतिक र अन्य समस्या समाधान गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय राम बहादुर मगरको संयोजकत्वमा चार सदस्यीय राजनीतिक तथा शान्ति वार्ता समिति गठन गरिएको,

१०. प्रदेश आयोजना बैङ्क सञ्चालनमा ल्याई पचास लाखभन्दा माथिका आयोजनाहरूको खरिद प्रकृया सुरू गर्नुभन्दा अगाडी अनिवार्य रुपमा आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्ने व्यवस्था गरिएको,

११. वित्तीय अनुशासन अभिवृद्धि गर्न अनिवार्य दायित्व व्यवस्थापन, बहुवर्षिय आयोजना कार्यक्रमको दायित्व व्यवस्थापन, विपद् र महामारी को अवस्थामा बाहेक, जेठ २० पश्चात रकमान्तर/ श्रोतान्तर नगर्ने, नीतिगत व्यवस्था गरिएको,

१२. "मनुसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१" विपद व्यवस्थापन परिषदबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको,

१३. प्रदेश सरकारबाट सम्पादन हुने कार्यलाई डिजिटाइजेसन गर्ने उद्देश्यले एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालनमा ल्याइएको,

१४. "प्रदेश निजामती सेवा ऐन, २०७९ मा दोस्रो संशोधन विधेयक, २०८१"लाई प्रदेश सभामा पेश गरिएको तथा "प्रदेश निजामती सेवा नियमावली, २०८१" स्वीकृत गरिएको,

१५. कोशी प्रदेशमा लगानीमैत्री वातावरण निर्माण गरी कृषि, उद्योग, पर्यटन, ऊर्जा लगायतका क्षेत्रहरूमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्न "लगानी सम्मेलन (प्यकजष क्लखभकक्तभलत क्रग्ग्ष्त-द्दण्द्दद्ध)" आयोजना गर्ने नीतिगत व्यवस्था गरी आवश्यक पर्ने बजेट विनियोजन गरिएको,

१६. "केचना कन्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१" स्वीकृत गरिएको,

१७. जंगल सफारी र रेडपाण्डाको प्रजनन केन्द्र स्थापनाको संभाव्यता अध्ययन सम्पन्न गरिएको,

१८. नेपालका पूर्वी पहाडी क्षेत्रमा रहेका वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिवृद्धि परियोजना (LBEH) तथा पदमार्गमा आधारित पर्यटन विकास परियोजना (TTDP) सुरुवात गरिएको,

१९. प्रदेशमा चलचित्र निर्माणको सम्भाव्यता तथा छायाँङ्कन स्थलको पहिचान गर्न चलचित्र महोत्सव सम्पन्न गरिएको,

२०. पर्यटक सहयोगी प्रहरीमार्फत प्रवेशका मुख्य धार्मिक, पर्यटकीय गन्तव्यहरूमा सूचना संकलन र शान्ति सुरक्षाको व्यवस्था गर्न आवश्यक जनशक्ति लगायत अन्य व्यवस्थापकीय कार्य अगाडी बढाइएको,

२१. पर्यटन प्रवर्द्धनमा सगरमाथा तथा हिमाली क्षेत्रको संरक्षण, जलवायु परिवर्तन प्रभाव अध्ययन गर्ने उद्देश्यका साथ सगरमाथा दिवस मनाई सगरमाथा आरोहीका सहयोगीहरूलाई

वांकी ४ पेजमा...

## स्वास्थ्य

# गर्मीमा देखिने स्वास्थ्य समस्या र बच्ने उपाय

विस्तारै-विस्तारै हामी जाडो मौसमलाई छोडेर गर्मी मौसममा प्रवेश गर्दैछौं। यो मौसममा एलर्जी, छाला सम्बन्धी रोग बढी देखिन्छन्। यो समयमा शरीर सुक्खा हुने, मुटुसम्बन्धी रोग लाग्ने सम्भावना बढी नै हुन्छ। यो मौसममा दूषित खाना तथा पानीजन्य टाइफाइड ज्वरो, आउँ, झाडापखाला, हैजा, हेपाटाइटिसको समस्या देखिन्छ। सँगै लामखुट्टेको टोकाइबाट सर्ने डेंगु, मलेरिया, जापानिज इन्सेप्ला इटिस, किट तथा भुसुनाको टोकाइबाट सर्ने रोग स्क्रबटाइफस, कालाजार देखिन सक्छ। गर्मी मौसममा हुने सङ्क्रमण र बच्ने उपायहरू के के हुन् ?

गर्मी मौसममा देखा पर्ने समस्या के के हुन ?

यो मौसममा धेरै एलर्जीको समस्या देखिन्छ। साथै तापक्रम बढ्दै जाँदा भिन्न किसिमका सरुवा रोग, हेपाटाइटिस रोग, झाडा पखाला बढ्दै जान्छ। तापक्रम बढेसँगै लामखुट्टे पनि बढ्दै जान्छ र लामखुट्टेबाट सर्ने रोग जस्तो डेंगु, हात्तीपाइले लगायतका रोगहरू लाग्छ सक्छन्। दूषित पानी तथा बासी सडेगलेका खाना खाँदा टाइफाइड, हेपाटाइटिस 'ई' र 'ए' झाडापखाला, हैजा र आउँ जस्ता रोग लाग्छन्। यो मौसममा झिंगा भन्केका, राम्रो सफाइ नभएको ठाउँका खानाले र आफ्नो पनि शरीर वरपरको वातावरणको राम्रो सफाइ नगर्दा यस्ता रोग सर्ने गरेको पाइन्छ। साथै यो मौसममा रुघा लाग्ने, खोकी लाग्ने, हाछ्यु लाग्ने, छालामा डाबरहरू बस्ने हुनसक्छ। तर कतिपयमा एलर्जी भएर दमको समेत हुने पनि हुनसक्छ।

यस्ता समस्याले बालबालिकामा कस्तो असर गर्छ ?

मौसमी फ्लुहरू एकबाट अर्कोमा सर्दै जाने रोग हुन्। यो आफ्नो कारणले हुने हो। आफूले स्वास्थ्य सफा गरेन भने र सङ्क्रमित व्यक्तिको संसर्गमा पर्यो भने एकबाट अर्कोमा सर्दै जाने हुन्छ। सरसफाइमा लापरबाहीका कारणले पनि रुघा झाडा पखालाजस्ता रोग लाग्ने गरेको पाइन्छ। जस्तो हात राम्ररी नधुँदा, ट्वाइलेट सफा नहुँदा पनि यस्तो हुन्छ। त्यसैले, अभिभावकले सरसफाइमा विशेष ध्यान दिनुपर्छ।

सङ्क्रमित रोगबाट कसरी बच्ने त ?

यो मौसममा लाग्ने संक्रामक रोगबाट बच्न विभिन्न उपाय हुनसक्छन्। जसलाई यसरी उल्लेख गर्न सकिन्छ।

दूषित पानीको सेवन नगर्ने

गर्मी मौसममा धेरै ठाउँको पानी शुद्ध हुँदैन। हामीले पानीलाई राम्ररी उमालेर मात्र पिउनु पर्छ। साथै राम्ररी फिल्टर गरेर सफा र किटाणुरहित बनाएर पनि खान सकिन्छ।

साबुन पानीले हात धुने

हामीले जहिले पनि समय समयमा हात धोइरहनु पर्दछ। जस्तो खानाखानु अघि साबुन पानीले सफासँग मिचीमिची अनिवार्य रूपमा हात धुनुपर्छ। शौचालय वा बाहिर कतै सार्वजनिक स्थलमा गएर आएपछि पनि राम्ररी हात गोडा धुने गर्नुपर्छ।

बाहिरी खाना नखाने

सकेसम्म बाहिरका खाना कम खानुपर्छ। यदि बाहिर खानै परे भरपर्दो ठाउँमा मात्र खाने। सडे गलेको तथा बासी खाने कुरा नखानु नै एउटा उपचार हो। जसले गर्दा सङ्क्रमित रोगबाट बच्न सकिन्छ।

व्यक्तिगत सफाइमा ध्यान दिने

सबै भन्दा पहिलो कुरा त हामी आफैले आफ्नो सरसफाइमा ध्यान दिनु जरुरी हुन्छ। शारीरिक व्यायाममा ध्यान दिने, खानपानमा ध्यान दिने गर्नुपर्छ। साथै घरवरिपरिको वातावरण पनि सफा राख्नुपर्छ।

लामखुट्टेको टोकाइबाट बच्ने, झुल लगाएर सुत्ने, पूरा बाहुलायुक्त लुगा लगाउने झ्याल ढोकामा जालीको प्रयोग गर्ने, कोठामा कपुर जलाएर केही मिनेट सबै झ्याल ढोका बन्द गर्ने। यसो गर्दा घरभित्र पसेको लामखुट्टे मर्छ। घरको झ्याल ढोकामा तुलसीको बोट रोप्नाले पनि लामखुट्टेको प्रकोप कम हुन्छ।

साथै मौसमी रोगबाट बच्न खानेकुरामा विशेष ध्यान दिनुपर्छ। तरकारी फलफूलहरू राम्रोसँग सफा गरेर, पानीलाई उमालेर वा फिल्टर गरेर खानुपर्छ। हामीले दैनिक प्रयोग गर्ने भाँडाकुडा पनि दैनिक रूपमा नै सफा हुनु जरुरी छ। साथै लामो समय आफूलाई समस्या भइराख्यो भने तुरुन्त चिकित्सकलाई भेटेर उपयुक्त सल्लाह लिनु जरुरी हुन्छ।

## कोशी प्रदेशका...

सम्मान गरिएको, २२ पासाङ ल्हामू पर्वतारोहण अध्ययन प्रतिष्ठान" गठन गर्नका लागि नीतिगत व्यवस्था गरिएको,

२३. विक्रम सम्वत् २०८२ लाई "कोशी पर्यटन वर्ष" को रुपमा मनाउने नीतिगत व्यवस्था गरी बजेट विनियोजन गरिएको, २४ पुरानो घरको पुरानो काठ ओसारपसारमा सहजताका लागि निर्णय गरिएको,

२५. प्रदेश लगानी प्राधिकरणको अग्रसरतामा सार्वजनिक नीजि साझेदारी अन्तर्गत भेडेटार स्काई वाक पर्यटन पूर्वाधारको निर्माण सम्पन्न भई सञ्चालनमा आएको,

२६. धार्मिक तथा पर्यटकीय क्षेत्र विकासका निम्ति पाथिभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०८१, बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१, हलेशी महादेवस्थान विकास समिति (गठन) आदेश, २०८१ स्वीकृत गरिएको,

२७. "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१" स्वीकृत गरिएको,

२८. सूचना प्रविधिमा आधारित रोजगारी सिर्जना गर्ने उद्देश्य अनुरूप कर्जा सुरक्षण कार्यक्रमको विस्तार र प्रवर्द्धनका लागि प्रदेश सरकार र निक्षेप तथा कर्जा सुरक्षण कोष, काठमाडौँबीच समझ दारीपत्रको आदानप्रदान गरिएको,

२९. प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरलाई मुलुककै विशिष्टकृत नमूना अस्पतालको रुपमा व्यवस्थापकीय सुदृढी करण गरी कोशी आयुर्वेद प्रतिष्ठानको रुपमा विकास गर्न "आयुर्वेद चिकित्सा सेवा, जडीबुटी शिक्षा तथा अध्ययन तथा अनुसन्धान सम्भाव्यता अध्ययन कार्ययोजना तर्जुमा कार्यदल, २०८१" गठन गरी कार्य प्रारम्भ गरिएको,

३०. २०८१ साल असार ३० गते कोशी प्रदेशलाई "पूर्ण खोप सुनिश्चितताको घोषणा" गरिएको,

३१. प्रदेशका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई १ लाख रूपैंया बराबरको बीमा कार्यक्रम सुरू गरिएको,

३२. स्वास्थ्य क्षेत्रमा देखिएको जनशक्ति अभावलाई मध्यनजर गर्दै प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका २५ जना स्वास्थ्यकमी 'लाई पदस्थापन गरिएको,

३३. स्थानीयस्तरमा रहेका सर्वसाधारणलाई किफायतपूर्ण एम्बुलेन्स सेवा तत्काल पुर्याउन Ambulance GPS Tracking System लाई अपनाई चौबिसै घण्टा स्वास्थ्य मन्त्रालयमा प्रादेशिक प्रेषण केन्द्र सञ्चालन गरिएको,

३४. प्रदेशबासीलाई विपद्सम्बन्धी पूर्व सूचना दिई विपद् जोखिम न्यूनीकरण गर्न सहयोग पुर्याउने हेतुले विपद् पोर्टल सञ्चालनमा ल्याई २०८१ असार १७ गतेदेखि "दैनिक विपद् बुलेटिन" प्रकाशनमा ल्याइएको,

३५. प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्य लाई थप सुदृढ गर्न एकीकृत विपद् व्यवस्थापन गर्ने उद्देश्य अनुरूप सहलगानी मा रङ्गेली नगरपालिका, अर्जुनधारा नगरपालिका र कोशी गाउँपालिका केन्द्र रहेको मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरी भवन निर्माण कार्य अगाडी बढाइएको,

३६. "सुरक्षित सीमा सुरक्षित जीवन" कार्यक्रम कोशी प्रदेशका सीमा नाकाहरूमा सञ्चालन गरिएको साथै मोरङ जिल्लाको सुनवर्षी न.पा - १ केचना शुक्रबारेमा अस्थायी प्रहरी चौकी स्थापना गरिएको,

३७. बाढी, पहिरो तथा वन्यजन्तुजन्य विपद्बाट प्रभावित मानिस र परिवारलाई अस्थायी बसोबास, आर्थिक र अन्य अत्यावश्यक राहत सामग्री प्रदान गरिएको,

३८. आपतकालिन बाढी पहिरो व्यवस्थापनका लागि तारजाली, नाइलन जाली आदिको व्यवस्थापन गरी पूर्व तयारी गर्नुका साथै प्रभावित क्षेत्रमा विपद् नियन्त्रणका प्रयासहरू गरिएको,

३९. झापा जिल्लाको चारआली, सुनसरी जिल्लाको भाण्टाबारी, इलाम जिल्लाको पशुपतिनगर र मोरङ जिल्लाको विराटनगर रानीमा सवारी पटके राजश्व संकलन केन्द्र स्थापना गरिएको,

४०. प्रदेश सरकारको समन्वयमा सङ्खुवासभाको किमाथाङ्का नाका संघीय सरकारबाट पुनः सञ्चालन गरिएको,

४१. विपद्बाट भएको क्षतिको खोज उद्दार तथा राहत वितरणसम्बन्धी मापदण्ड, २०७६ मा दोस्रो संशोधन गरिएको,

४२. सडक सुरक्षा र ट्राफिक व्यवस्थापन कार्यलाई थप सुदृढ गर्न विराटनगर तथा उदयपुरको गाईघाटमा ट्राफिक लाइट जडान गरी सञ्चालनमा ल्याइएको तथा ट्राफिक प्रहरीका लागि आवश्यक सामाग्रीहरू हस्तान्तरण गरिएको

४३. पशुपन्छी विकास तथा पशु स्वास्थ्यसम्बन्धी विज्ञ सेवालाई ४ जिल्लाहरू क्रमशः ताप्लेजुङ, इलाम, तेहथुम र भोजपुरमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्थापना गरी सेवा विस्तार गरिएको,

४४. कोशी प्रदेशमा उत्पादित चियाको स्वदेश तथा विदेशमा बजार प्रवर्द्धन गर्न "अन्तराष्ट्रिय चिया सम्मेलन" को आयोजना गर्ने नीतिगत व्यवस्था गरी आवश्यक बजेट विनियोजन गरिएको,

४५. प्रदेश सरकार, नीजि क्षेत्र र स्थानीय तहको सहकार्यमा स्थानीय स्तरमा उद्यमशीलता विकास र सीप विकासमार्फत स्वरोजगारी सिर्जना गर्नका लागि नमुना स्वरुप प्रदेशका ५ वटा स्थानीय तहमा "वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्ने व्यवस्था मिलाइएको,

४६. पशुपन्छीहरुमा लाग्ने खोरेत रोग नियन्त्रणका लागि रणनीतिक कार्ययोजना तयार गरी अन्तरसरकार समन्वय मा कोशी प्रदेशलाई ३ वर्षभित्र खोरेत रोगमुक्त '

४७. कोशी प्रदेशलाई धानको बीउको श्रोत केन्द्रको रुपमा स्थापित गर्न धानको बीउको उत्पादन योजना तयार गरी कार्यान्वयनमा ल्याइएको,

४८. अनुदान वितरणलाई नतिजामुखी र व्यवस्थित गर्न कृषि क्षेत्रमा वितरण गरिने अनुदान कार्यक्रमलाई ब्याजमा अनुदान दिने व्यवस्था मिलाउन नीतिगत तथा कानूनी प्रबन्ध र बजेट व्यवस्थापन गरिएको,

४९. प्रदेशमा उत्पादन भएका दुग्धजन्य पदार्थ निर्यात गर्न प्रोत्साहन गर्ने नीति अनुरुप प्रथम पटक कोशी प्रदेशबाट १२०० के.जी. घ्यू जापान निर्यात गरी निर्यातकर्तालाई प्रोत्साहन रकम उपलब्ध गराइएको,

५०. कोशी प्रदेशमा रहेका सार्वजनिक तथा पर्ती जग्गाको संरक्षण तथा रेखदेख गर्न सार्वजनिक तथा पर्ती जग्गाको अभिलेख संकलन गरिने कार्य सम्पन्न गरिएको,

५१. उत्पादनमुलक, सुचना प्रविधिमा आधारित, कृषिमा आधारित लगायत विभिन्न क्षेत्रका उद्योगको प्रतिनिधित्व गर्ने उद्यम र उद्यमशीलताको क्षेत्रमा निरन्तर कार्यरत प्रदेशका प्रत्येक जिल्लाबाट एक/एक जनाको दरले जम्मा १४ जना उत्कृष्ट महिला उद्यमीहरू लाई सम्मान गरी पुरस्कृत गरिएको,

५२. निर्माण सम्पन्न भएका सडकहरूमध्ये शिवचोकदेखि भारतीय सीमा वीरपुरसम्मको सडक (कोशी गाउँपालिका, सुनसरी), बुढीगंगा गाउँपालिका वडा नं १ हुँदै पुष्पलाल चौक हात्तिमुडा हरैंचा सडक (मोरङ) र सिधुवा- शुक्रबारे ओखे- म्याङलुङ्ग सडक (तेह्रथुम) तथा धरान - १३ देवीमार्गबाट धरान- २० चिण्डेडाँडा जाने बाटोमा पर्ने सर्दु खोला पुल उद्धाटन भएको,

५३. ५ वटा बहुवर्षिय सडक, ८ वटा बहुवर्षिय सडक पुल, १२ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको,

५४. ४१.९ कि.मि. कालोपत्रे सडक, ८३.१४ कि.मि. ग्रावेल सडक, ४७ कि.मि. कच्ची सडक निर्माण कार्य सम्पन्न भएको,

५५ १८.९ कि.मि. ट्र्याक ओपन र २ वटा बेलि वृज खरिद कार्य सम्पन्न भएको,

५६. ९२ वटा सामुदायिक भवन, २२ वटा सरकारी भवन, २४ वटा खेलकुद पूर्वाधार, १० वटा एकीकृत बस्ती भित्रको पूर्वाधार विकास र जनता आवास कार्यक्रम मार्फत ६०८ वटा घर निर्माण सम्पन्न गरिएको,

५७. नेपाल विद्युत प्राधिकरणको रङ्गेली वितरण केन्द्रसँग समन्वय गरी धनपालथान गा.पा. का क्षेत्रमा कृषि विद्युतीकरण कार्य सम्पन्न गरिएको र गाईघाट वितरण केन्द्रसँग समन्वय गरी लिङचुम्बुङ गा.पा. मा ग्रामीण विद्युतीकरण कार्य सम्पन्न गरिएको,

५८. खानेपानी र सिंचाई व्यवस्थापनलाई प्राथमिकतामा राखी नियमित मर्मत सम्भार गर्नुका साथै खानेपानीका ४६ र सिंचाई तर्फका ३० वटा आयोजना सम्पन्न गरिएको,

५९. प्रदेश सभाका विषयगत समितिहरूको छुट्टाछुट्टै वेबसाइट निर्माण गरी त्यसलाई मूल वेबसाइटसँग आवद्ध गरिएको,

६०. प्रदेश सभामा दर्ता हुन आएका विधेयकहरूलाई वेबसाइटमार्फत सार्वजनिक गर्ने कार्यको सुरुवात गरिएको।




# वडा कार्यालयको भवन समुद्घाटन



विराटनगर। विराटनगर महानगरपालिका वडा नं. १८ को भवन प्रमुख अतिथि विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले रिवन काटेर समुद्घाटन गरेका छन्।

भवन समुद्घाटन कार्यक्रम लाई आईतवार सम्बोधन गर्दै भने विराटनगर महानगर पालिकाको राजश्व एकदमै कम उठेको छ सो बजेटबाट विराटनगर बासीको असिमित चाहनालाई पुरा गर्न सकिदैन भन्दै वडाको आफ्नै सुविधा सम्पन्न भवन वडावासीले पाएकोमा बधाई दिएका थिए। वडावासीलाई चाहिने विकास निर्माणको कार्यमा अझ बजेट हाल्ने प्रतिवद्धता जनाएका थिए।

वडा कार्यालयको नयाँ भवनमा विधीविधान अनुसार पण्डितद्धारा पूजापाठ गरी समुदेघाटन गरेका थिए। वडा कार्यालयको २ कट्ठा जमिनमा ६९ लाखको लागतमा बनेको भवनमा ६ वटा कोठा, पर्खाल सहित अपाङ्ग मैत्रि भवव रहेको छ।

समुद्घाटन कार्यक्रमा महानगरपालिका उप प्रमुख शिल्पा निराला कार्की प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र पराजुली, अधिकृत अर्जुन थापा, विराटनगर वडा नं. १ का वडा अध्यक्ष काजी बहादुर बस्नेत, वडा नं. २ का वडा अध्यक्ष बासु वहादुर बस्नेत, वडा नं. १३ का वडा अध्यक्ष तीर्थेन्द्र नेउपाने, वडा नं. १६ का वडा अध्यक्ष उद्धव भुजेल, वडा नं. १९ का वडा अध्यक्ष श्याम घिमिरे, लगायत वडावासीको उल्लेख्य उपस्थिति रहको थियो।

विराटनगर महानगर पालिका वडा नं. १८ एवम् प्रशासनिक भवन समुद्घाटन कार्यक्रमका अध्यक्ष जितेन्द्र साहले भने बधनगर गाविस हाल विराटनगर वडा नं. १८ भएको छ विराटनगरको दक्षिणी भेगमा रहको वडामा विभिन्न झै झमेल भएका कारण कर्मचारी बस्ने नमानेको र महानगरले चाहेजति बजेट नदिई उपेक्षा गरेकोले त्यस तर्फ महानगरले ध्यान दिनु पर्ने भन्दै उपस्थित सबैलाइ धन्यवाद दिदै कार्यक्रम समापन गरेका थिए।

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

## प्रदेश खारेजी...

केही तर्क राखेको देखिन्छ, आउनुस्, ती तर्कलाई केलाएर हेरौं

**‘प्रदेश संरचना कसरी महँगो भयो’**

आम जनता मात्र होइन, कतिपय शीर्ष दलका शीर्ष नेताहरूले नै आर्थिक स्रोतले धान्न नसक्ने हुँदा प्रदेश संरचनालाई खारेज गर्नुपर्छ भनिरहेको पाइन्छ। तथ्यगत हिसाबले हेर्दा प्रदेश सरकारहरू खर्चिला देखिँदैनन्। कुल सार्वजनिक खर्चको १० प्रतिशत मात्र प्रदेश सरकारले खर्च गर्ने देखिएको छ। त्यस्तो खर्चमध्ये ६७ प्रतिशत संघीय सरकार र २७ प्रतिशत स्थानीय तहले गर्छन्। प्रदेश सरकारबाट विनियोजन हुने कुल बजेटको ६० प्रतिशत पुँजीगत खर्च र ४० प्रतिशत चालु खर्चको हिस्सा रहने गरेको देखिन्छ, तर संघ र स्थानीय तहमा ७० प्रतिशत खर्च चालु खर्चमै सकिन्छ।

प्रदेश संरचनालाई मीतव्ययी र किफायती तरिकाले चलाउने सयौं विधि र तरिका छन्, तर त्यसतर्फ बहस भएको छैन। बहस केवल तथ्यभन्दा बाहिर गएर भावनात्मक रूपमा बरालिएको देखिन्छ।

संविधानको अनुसूचीमा रहेका संघीय एकाइका अधिकार क्षेत्रको अध्ययन गर्ने हो भने साबिक एकात्मक राज्य संरचनामा केन्द्र सरकारमा निहित रहेका दुईतिहाइ कामहरू प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण भएका छन्। तदनुरूप संघीय संरचनालाई दुईतिहाइले कटौती गर्नुपर्थ्यो तर त्यसो गरिएन। २५ मन्त्रालय, ५४ विभाग र ५४ हजार कर्मचारी संघमा राख्न जरुरी थिएन। आज जेजति रूपमा संघीयता महँगो भयो भनिँदै छ, त्यो हुनुमा प्रदेश सरकारभन्दा संघीय सरकार जिम्मेवार देखिन्छ।

**‘सानो देशमा संघीयता जरुरी थिएन’**

कतिपयले नेपालजस्तो सानो देशमा संघीयता आवश्यक नभएको तर्क गर्छन्। हाल विश्वका १९३ वटा देश संयुक्त राष्ट्रसंघमा आबद्ध छन्। राष्ट्रसंघमा आबद्ध नभएका देश समेत जोड्दा विश्वमा २१२ वटा देश रहेको देखिन्छ। नेपाल विश्वका देशमध्ये क्षेत्रफलका हिसाबले ९१औं र जनसंख्याका हिसाबले ४५औं देशमा पर्ने तथ्याङ्कले देखाउँछ। त्यसैले नेपाल विश्वमा मध्यम आकार भएको देश मानिन्छ।

हाल विश्वमा २८ वटा देशमा संघीय शासन प्रणाली अवलम्बन गरिएको छ। दश ठुला राज्यमध्ये ६ वटा देशमा संघीय शासन प्रणाली रहेको पाउन सकिन्छ। संवैधानिक रूपमा संघीय शासन प्रणाली नभने पनि व्यावहारिक रूपमा चीन, बेलायतजस्ता मुलुकले संघीयता अपनाएका छन्।

संघीयताको आवश्यकता देशको आकारले निर्धारण गर्दैन। नेपालको कर्णाली प्रदेश बराबरको हिमाली अधिराज्य स्विट्जरल्यान्डलाई संघीय शासन प्रणाली अवलम्बन गरेको सफल देश मानिन्छ। उक्त देशमा २६ वटा क्यान्टोन रहेका छन्। बोस्निया हर्जेगोभिना पनि नेपालभन्दा जनसंख्या र क्षेत्रफल दुवै हिसाबले सानो देश हो तर त्यो संघीय शासन प्रणाली अवलम्बन गर्ने मुलुकमा पर्छन्। यस्तै, क्षेत्रफलका हिसाबमा विश्वको तेस्रो ठुलो र जनसंख्याका हिसाबमा पहिलो देश चीनले एकात्मक शासन प्रणाली अपनाएको देखिन्छ।

**‘दलका नेता तथा कार्यकर्ता व्यवस्थापन गर्ने संयन्त्र’**

हामीकहाँ अर्को जबर्जस्त भ्रम के छ भने संघीय शासन प्रणाली दलका नेता तथा कार्यकर्तालाई व्यवस्थापन गर्न ल्याइएको हो। यद्यपि यो कुरा तथ्ययुक्त देखिँदैन।

२०७२ सालको संविधान भन्दा अगाडिको शासन प्रणालीमा गाउँ विकास समितिको संख्या नौ हजारभन्दा बढी थियो र नगरपालिका मात्र ५८ थिए, तर राज्य पुनर्संरचनापश्चात् उक्त गाउँ विकास समिति र नगरपालिका ७५३ वटा स्थानीय तहमा रूपान्तरण भए।

संघीय सरकारमा हिजो ६५ सदस्यीय मन्त्रीमण्डल बनेको थियो, तर अहिले २५ सदस्यभन्दा बढीको मन्त्री परिषद् गठन गर्न संविधानले रोकेको छ। त्यसकारण राजनीतिक कार्यकर्ता व्यवस्थापन गर्ने ठाउँ पहिलेको भन्दा अहिले घटेकै देखिन्छ।

**‘अस्थिरताको कारक प्रदेश सरकार’**

संघीयता कार्यान्वयनमा आएको सातवर्षे अवधिको समीक्षा गर्दा– सात प्रदेशमा गरी ३२ जना मुख्यमन्त्री भए भने मन्त्रीको संख्या गन्ती गरी साध्य छैन। यस्ता प्रकरणले निश्चित रूपमा प्रदेशमा राजनीतिक अस्थिरता भएको विषय सत्य हो, यद्यपि यहाँनेर प्रदेश सरकारका कारण राजनीतिक अस्थिरता भएको हो भन्ने तर्क एकतर्फी हुने देखिन्छ।

बहुदलीय व्यवस्था स्थापनापश्चात् २०४६ सालदेखि २०६३ सालसम्म किन राजनीतिक स्थिरता हुन सकेन ? यस प्रश्नको जवाफ हामी किन खोज्ने जमर्को गर्दैनौं ? खासमा नेपालमा राजनीतिक स्थिरता नहुनुमा हामीले अपनाएको संसदीय शासन प्रणाली हो भन्ने तथ्यलाई बिर्सनु हुँदैन।

संसदीय शासन प्रणाली को जननी बेलायतमा सन् २०१९ मा भएको ‘हाउस अफ कमन्स’ निर्वाचनमा कन्जर्भेटिभ पाटीले बहुमत ल्याउँदा समेत चारवटा सरकार बनेको देखिन्छ। संसदीय व्यवस्थामा चुनाव, आन्दोलन र क्रान्ति विना संसदीय गणितका आधारमा शान्तिपूर्ण रूपमा सरकार परिवर्तन हुने गर्छ।

कतियप राजनीतिक शास्त्रीले यसलाई संसदीय व्यवस्थाको सुन्दर पक्ष भनी चित्रण गर्छन्। नेपाल पछौटे राजनीतिक संस्कार भएको मुलुक हो, जहाँ राजनीतिक दलहरू सरकारमा जान र मन्त्री हुनका लागि पार्टी फुटाउने गर्छन्। चुनावपूर्व र चुनावपश्चात्का गठबन्धन पूर्ण अवधि नचली घात-प्रतिघातमा परिणत हुन्छन्। गठबन्धनको संस्कृति सबल बन्न सकेको छैन। गत हप्ता फ्रान्सको एक चर्चित पत्रिकाले नेपाल राजनीतिक अस्थिरतामा विश्वमा एक नम्बरमा रहेको भनी समाचार प्रकाशित गरेको थियो, तसर्थ हाम्रो देशमा राजनीतिक संस्कारको विकास नभएसम्मका लागि यस्ता खालका राजनीतिक अस्थिरता कायम रहिरहन्छन्। अब हामी नेपाली यसमा अभ्यस्त हुनु शिवाय अरु देखिँदैन। केवल प्रदेशिक संरचनाका कारण अस्थिरता आयो भन्नु गलत मानसिकताबाहेक अरु केही होइन।

नेपालमा संघीय शासन प्रणालीको सात वर्ष नबित्दै यसको वस्तुनिष्ट समीक्षा गर्नतर्फ ध्यान दिनुको सट्टा प्रदेश सरकारमाथि निकै प्रहार भएको देखिन्छ। हिजो एकात्मक शासन प्रणालीमा सबै ठिक थियो, राज्य प्रणाली कम खर्चिलो थियो, देशमा सुशासन थियो, विकासको पथमा अग्रगामी छलाङ मारेको थियो तर यो मुलुक प्रदेश संरचनासहित संघीय शासन प्रणालीमा रूपान्तरण भएपश्चात् यो सबै बिग्रियो भन्नेभैँ गरिएको छ। तथ्य तथ्याङ्क र अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा धारणा बनाउनुभन्दा आवेश र भावनामा धारणा बनाउने हाम्रो प्रवृत्तिले गर्दा प्रादेशिक संरचनाका बारेमा भ्रम सिर्जना भएका छन्।

(लेखक भिमाद नगरपालिका तनहुँमा सातौँ तहको अधिकृत छन्।) रातोपाटीबाट

# निगरानी कक्षको स्थापना



सुनसरी। सुनसरीको कोशी गाउँपालिका-८ मा लागुऔषध दुर्व्यवसनी निगरानी कक्षको स्थापना भएको छ।

हिजो दिउँसो आईतवार आयोजित एक कार्यक्रमका विच कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक भीम बहादुर दाहालको प्रमुख आतिथ्यता लागुऔषध निगरानी कक्षको समुद्घाटन भएको थियो।

समुद्घाटन कार्यक्रमलाई सम्वोधन गर्नु हुँदै प्रमुख अतिथि दाहालले समाजमा डरलाग्दो समस्याको रुपमा रहेको लागुऔषधको प्रयोगले अपराधिक घटनाहरुको बृद्धि हुने तथा युवा वर्गहरु लागुऔषधको कुलतमा लाग्दा व्यक्ति स्वयम, परिवार र राज्यलाई समेत दिर्घकालिन असर पुग्ने भएको हुँदा यसको रोकथाम तथा नियन्त्रणको लागि लागुऔषध दुर्व्यवसनी निगरानी कक्षको स्थापना गरिएको वताएका थिए।

उक्त निगरानी कक्षमा प्रहरी नायव निरीक्षक सहित ६ जना प्रहरी कर्मचारीहरुलाई भण्टावारी स्थित सिमा नाकाबाट आवत जावत गर्ने संकित व्यक्तिलाई चेकजाँच, नियन्त्रण तथा काउन्सिलिङको लागि परिचालन गरिएको छ।

इलाका प्रहरी कार्यालय भण्टाबारी परिसरमा स्थापना भएको निगरानी कक्षको उद्घाटन कार्यक्रममा स्थानिय जन प्रतिनिधि, समाजसेवी बुद्धिजिवी, संचारकर्मी लगायत स्थानियबासीहरु समेतको उपस्थिति रहेको थियो।

उक्त समुद्घाटन कार्यक्रम जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक बिपिन रेग्मीको अध्यक्षता सम्पन्न भएको थियो।

# लागुऔषध सहित ४ पक्राउ

विराटनगर। सुनसरी र मोरंगको बिभिन्न स्थानहरु बाट प्रतिबन्धित लागुऔषध सहित ४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय पथरीको प्रहरी टोलीले बुधबार मोरङको पथरी शनिश्चरे नगरपालिका-६ भातेगैडा स्थित देख्ना साथ को २ ह १६१५ नम्वरको अटोमा लुकाई छिपाई ल्याउदै गरेको प्रतिबन्धित औषधी ट्रमाडोल १ हजार १ सय चक्की र डिकोलिक ६ हजार ६ सय चक्की फालेर चालक अटो सहित फरार भएको थियो।

खोजतलाश गर्दै जाने क्रममा अटो चालक पथरीशनिश्चरे -४ का ३२ बर्षीय सिमन परियारलाई आफ्नै घरमा अटोलाई त्रिपालले छेपेर लुकाई राखेको अवस्थामा प्रहरीले उनलाई घरबाटै पक्राउ गरेको थियो।

त्यसैगरी प्रहरी चौकी डाँगीहाट मोरङबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले सोही दिन बेलबारी नगरपालीका -१० भाउन्नेका २० बर्षीय अर्पण गौतमलाई प्रतिबन्धित औषधी ट्रामाडोल ३ सय ९० क्यापसुल र नाईट्राभ्याट १८ ट्याबलेट सहित नियन्त्रणमा लिएको थियो।

जहदा गाउँपालिका-१ का २६ बर्षीय अमित मण्डललाई प्र १-०४-००१ प ९८०२ नम्बरको मोटरसाईकलमा लुकाई छिपाई ल्याउदै गरेको लागुऔषध गाँजा ६ किलो सहित इलाका प्रहरी कार्यालय बुधनगरले नियन्त्रणमा लिएको थियो।

लागु औषधको कारोबार भईरहेको भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरी टोलीले ईटहरी उप-महानगरपालिका-१६ सिर्जनसिल टोलबाट स्थानीय २८ बर्षीय महेन्द्र बन्जरालाई निजकै घरबाट लागुऔषध ब्राउनसुगर २ ग्राम १८० मिलिग्राम सहित सोही दिन नियन्त्रणमा लिईएको थियो।

प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेका सबैजनाको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भई रहेको छ।






